पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष २, पोखरा खण्ड २५, प्रमाणित मिति २०७५/११/१०

भाग १

## पोखरा महानगरपालिका

## खेलकुद विकास ऐन, २०७५

**प्रस्तावना**: पोखरा महानगरपालिकामा खेलकुद, खेल संस्कृतिको विकास, खेलकुद पुर्वधार निर्माण, खेलाडीको व्यवसायिक सुरक्षा, वडास्तरीय, नगरस्तरीय, प्रदेश, राष्ट्रिय, अन्तराष्ट्रिय प्रतियोगितामा सहभागिता तथा खेलकुद क्षेत्रको समग्र विकास गर्न आवश्यक भएकोले, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (१) बमोजिम पोखरा महानगरपालिकाको चौथो नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम **"पोखरा महानगरपालिका खेलकुद विकास ऐन २०७५"** रहको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अध्यक्ष" भन्नाले दफा ३ बमोजिम गठित महानगर खेलकुद विकास समितिको अध्यक्ष सम्झिनु पर्छ ।

(ख) "खेलकुद सम्बन्धी सस्था" भन्नाले दफा १३ बमोजिम दर्ता भएको सस्था सम्झिनु पर्छ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अर्न्तगत बनेको नियममा तोकिए वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) "खेलकुद समिति" भन्नाले दफा ३ बमोजिम गठित भएको महानगर खेलकुद विकास समिति सम्झिनु पर्छ ।

(ङ) "सदस्य" भन्नाले दफा ३ बमाजिमको समिति सदस्य सम्झिनु पर्छ र सो शब्दल समितिको अध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउनेछ ।

(च) "सदस्य-सचिव" भन्नाले दफा ३ बमोजिम महानगर खेलकुद विकास समितिको सदस्य-सचिव सम्झिनु पर्छ ।

(छ) "समिति" भन्नले दफा १२ बमोजिम गठित भएको खेलकुद विकास समिति सम्झिनु पर्छ ।

(ज) "महानगरपालिका" भन्नाले पोखरा महानगरपालिकालाई सम्झनु पर्छ ।

(झ) "कार्यपालिका सदस्य" भन्नाले पोखरा महानगरपालिकाको कार्यापालिका सदस्यलाई सम्झनु पर्छ ।

(ञ) "उप प्रमुख" भन्नाले पोखरा महानगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्छ ।

(ट) "प्रमुख" भन्नाले पोखरा महानगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

(ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पोखरा महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

३. **महानगर खेलकुद विकास समितिः** (१) महानगरमा खेलकुदको विकास गर्नको लागि एघार सदस्यीय महानगर खेलकुद विकास समिति गठन हुनेछ।

(२) उपदफा (१) बमोमिजम गठन हुने समितिमा देहायका सदस्य रहनेछन।

(क) महानगरपालिका प्रमुख वा निजले तोकेको व्यक्ति -अध्यक्ष

(ख) महानगरपालिकाको कार्यपालिकाबाट सिफारिस गरेको व्यक्ति -उपाध्यक्ष

(ग) महानगरपालिकाको नगर सभासद एक जना -सदस्य

(घ) महानगरपालिकाको नगर प्रहरी व्यवस्थापन शाखा प्रमुख -सदस्य

(ङ) विगतमा जिल्लास्तरमा खेलकुदको क्षेत्रमा खेलाडी वा रेफ्री वा प्रशिक्षक वा व्यवस्थापक भई दश वर्ष काम गरेको व्यक्ति मध्ये दुई जना महिला सहित महानगरपालिकाले मनोनित गरेको ३ जना -सदस्य

(च) खेलकुदको क्षेत्रमा अध्ययन, अनुसन्धान प्रर्वधनात्मक कार्य गरेका खेलकुद विज्ञ मध्येबाट महानगरले मनोनित गरेको कम्तीमा एक जना महिला सहित २ जना -सदस्य

(छ) फरक क्षमता भएका खेलाडी मध्येबाट महानगरपालिकाले मनोनित गरेको एक जना -सदस्य

(ज) खेलकुद पत्रकार मञ्चको प्रतिनिधि -सदस्य

(झ) अध्यक्षको सिफारिसमा महानगरपालिकाले नियुक्त गरेको व्यक्ति - सदस्य-सचिव

(३) समितिको बैठकमा खेलक्षेत्रसंग सम्बन्धित विज्ञ तथा सुरक्षा निकायका प्रमुखलाई आमन्त्रण गर्न सकिने छ।

(४) खण्ड (ङ) देखि (ज) सम्मका सदस्य मनोनित गर्दा महानगरको प्रतिनिधित्व हुने गरि गर्नु पर्नेछ।

(५) समितिको सबै काम कारवाहीको निमित्त आफनो छुट्टै छाप हुनेछ।

(६) समितिको चल अचल सम्पत्ति महानगरपालिकाको हुनेछ।

(७) समितिको सचिवालय महनगरपालिकाको नगर कार्यपालिकामा रहनेछ।

(८) खेलकुद क्षेत्रमा विषेश अनुभवी र दक्षता हासिल गरेका व्यक्तिहरु मध्येबाट एक सल्लाहाकार समिति गठन गर्न सकिनेछ।

४. **पदावधिः** (१) दफा ३ को उपदफा (२) को खण्ड (ङ) देखि (झ) सम्मका मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(२) दफा ३ को उपदफा (२) बमोजिमको कुनै सदस्यको पद रिक्त भएमा सोही बमोजिम पदपुर्ति गरिनेछ ।

(३) दफा ३ को उपदफा (२) को खण्ड (ङ) देखि (झ) सम्मका मनोनित वा नियुक्त हुने सदस्यले आफनो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा महानगरपालिकाले त्यस्तो सदस्यलाई प्रमाणका आधारमा जुनसुकै बखत हटाउन सक्नेछ । तर त्यसरी हटाउनु पर्दा सम्बन्धित सदस्यलाई सफाईको मौकाबाट बञ्चित गरिने छैन ।

५. **सदस्यको अयोग्यताः** देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैन :-

(क) गैह्र नेपाली नागरिक,

(ख) पदेन बाहेकका कर्मचारी,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

(घ) पच्चीस वर्ष उमेर पुरा नभएको,

६. **सदस्यता नरहने अवस्थाः** देहायको अवस्थामा सदस्यता खारेज भएको मानिनेछ ।

(क) दफा ५ बमोजिम सदस्यमा बहाल रहिन अयोग्य ठहरीएमा

(ख) राजिनामा गरेमा

(ग) मृत्यु भएमा

(घ) सूचना नदिई लगातार तिन पटक भन्दा बढी समितिको बैठमा अनुपस्थित भएमा ।

(ङ) दफा ४ को उपदफा (३) बमोजिम महानगरको कार्यपालिकाले हटाएमा ।

**७. सदस्य सचिवको नियुक्ति, योग्यता, परिश्रमिक, सेवा शर्त र सुविधा सम्बन्धि व्यवस्था:** (१) देहाय बमोजिम योग्यता पुगेकाव्यक्तिलाई अध्यक्षको सिफारिसमा सदस्य सचिवमा नियुक्ती गर्नेछ ।

(क) नेपाली नागरिक,

(ख) मान्यता प्राप्त विश्व विद्यालयबाट स्नातक वा सो सरह उपाधि हासिल गरको,

(ग) राष्ट्रियस्तरको खेलाडी, रेफ्री, प्रशिक्षक, व्यवस्थापक वा खेलकुदको क्षेत्रमा विशेषज्ञता हासिल गरेको,

(घ) २५ बर्ष उमेर पूरा भई पचपन्न ननाघेको,

(ङ) कुनै कानूनले अयोग्य नठहरीएको ।

(२) सदस्य सचिवको पारिश्रमिक, सेवा शर्त र सुविधा सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**८. सदस्य सचिवको काम, कर्तव्य र अधिकार:** सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) दैनिक प्रशासनिक कार्य सञ्चालन गर्ने, गराउने,

(ख) खेलकुद समिति सन्बन्धमा निति निर्धारण गर्ने कार्यमा सहयोग गर्ने,

(ग) समितिको बैठकको निर्णय प्रमाणिकरण एवं कार्यान्वयन गर्ने, गराउने,

(घ) समितिबाट स्विकृत खेलकुद सम्बन्धि नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(ङ) वार्षिक योजना, कार्यक्रम तथा बजेट तयार गरि समिति समक्ष पेश गर्ने,

(च) वार्षिक प्रतिवेदन तयार गरि समिति समक्ष पेश गर्ने,

(छ) समिति तोकेको अन्य कार्य गर्ने, गराउने,

**९ पद रिक्त हुने अवस्था:** देहायको अवस्थामा सदस्य सचिव र मनोनीत सदस्यको पद रिक्त भएको मानिनेछ :-

(क) महानगर समक्ष दिएको लिखित राजिनामा स्विकृत भएमा,

(ख) महानगरले निजलाई पदबाट हटाएमा,

(ग) नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट कसुरदार ठहरेमा,

(घ) निजको मृत्यु भएमा ।

**१०. समिति बैठक र निर्णय :** (१) अध्यक्षको निर्देशन अनुसार सदस्य-सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनु पर्नेछ ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछन् र निजको अनुपस्थितिमा उपस्थित सदस्य मध्ये बाट तोकिएको सदस्यले बैठकको अध्यक्षता गर्नेछन ।

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठक महिनाको कम्तीमा एक पटक बस्नेछ ।

(५) एक तिहाई सदस्यले कारण र औचित्य सहित बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले यथाशीघ्र बैठक बोलाउनु पर्नेछ ।

(६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) अध्यक्ष तथा सदस्य-सचिवले बैठकको निर्णय प्रमाणित गर्नु पर्नेछ ।

(८) बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**११. समितिको काम, कर्तव्य र अधिकार :** दफा ३ बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिलाई खेलकुद सम्बन्धि निति तथा कार्यक्रमको विषयमा सुझाव दिने,

(ख) महानगरस्तरीय लगाएतका खेलकुद प्रतियोगिता आयोजना गर्ने,

(ग) अन्तर नगर, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी तथा आवश्यकता अनुसार अन्य पदाधिकारीलाई पठाउने,

(घ) खेलकुद तथा आवश्कयता अनुसार अन्य पदाधिकारीलाई पठाउने,

(ङ) खेलकुदको विकास प्रवर्द्धन, अनुसन्धान, अध्ययन, तालिम लगायतका कार्य गर्ने गराउने,

(च) रङ्गशाला, खेलकुद मैदान तथा अन्य खेलकुद संरचनाको निर्माण, सञ्चालन संरक्षण तथा रेखदेख गर्ने गराउने,

(छ) प्रतिष्ठान तथा शिक्षण संस्थामा खेलकुद प्रशिक्षण लगायतका कार्य गर्न आवश्यक सहयोग गर्ने,

(ज) महानगरको भूगोल तथा जनसंख्याको सन्तुलनका आधारमा समानुपातिक रुपमा खेलकुद विकास समिति गठन गर्ने र उक्त

समितिलाई समन्वय र आवश्यक निर्देशन दिने,

(झ) आफनो तह र मातहतका खेलकुद सम्बन्धि संघसंस्थाको नियमन गर्ने,

(ञ) स्वदेशी तथा विदेशी प्रशिक्षकबाट प्रशिक्षणको व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनोट गरि विदेशमा समेत तालिम लिन पठाउने तर विदेशी प्रशिक्षक झिकाउदा परिषदको प्रचलित कानून बमोजिम प्रक्रिया पुरा गर्नु पर्नेछ ।

(ट) खेलाडीलाई आर्थिक सहायता तथा खेलवृति प्रदान गर्नको लागि महानगर समक्ष सिफारिस गर्ने,

(ठ) खेलाडीको स्वास्थ्यको संरक्षण गर्नको लागि आवश्यक व्यवस्था गर्ने,

(ड) फरक क्षमता भएका व्यक्तिको खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगता सञ्चालन गर्ने व्यवस्था गर्ने गराउने,

(ढ) खेलकुद विकासको लागि गोष्ठी, सेमीनार आयोजना गर्ने,

(ण) खेलकुद पर्यटनको विकास गर्ने,

(त) परम्परागत खेलकुदको संरक्षण र प्रवर्द्धधन गर्ने,

(थ) महानगर खेलकुल विकासमा लागि प्राथमिकीकरण गर्ने गराउने,

(ध) खेलाडीको अभिलेख राख्ने,

(न) आवश्यकता अनुसार उप-समिति गठन गर्ने,

(प) अध्यक्षले महानगरको बार्षिक प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्ने,

(फ) खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्था गर्ने गराउने,

**१२. खेलकुद विकास समिति :** (१) महानगर खेलकुद विकास समिति मातहतमा वडा स्तरीय खेलकुद विकास समिति रहने छन् ।

(२) वडास्तरीय खेलकुद विकास समितिको गठनः

(क) वडाको वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको व्यक्ति -अध्यक्ष

(ख) वडा समितिले तोकेको वडा सदस्य एक जना -सदस्य

(ग) खेलकुद क्षेत्रमा कम्तिमा पाँच वर्ष कार्य गरेको व्यक्ति -सदस्य

(घ) संघ संस्थाबाट एक जना महिला सहित दुई जना -सदस्य

(३) उपदफा (१) बमोजिम गठन हुने समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१३. खेलकुद सम्बन्धि संस्थाको दर्ताः** (१) खेलकुद सम्बन्धि क्रियाकलाप आयोजना गर्ने क्लव संघ वा संस्थाको दर्ता सुचिकरण समिति मार्फत महानगरमा हुनेछ ।

(२) यस अधि अन्य निकायमा दर्ता सुचिकरण अध्यावधिक रहेका खेलकुद सम्बन्धि संस्था यस ऐन बमोजिम दर्ता हुनु पर्नेछ ।

**१४. दर्ताको लागि निवेदन दिनु पर्ने :** (१) दफा १३ बमोजिम नाम दर्ता सुचिकरण गराउन चाहने खेलकुद सम्बन्धि संस्थाले देहायका कुरा खुलाई समितिमा नाम दर्ताको लागि निवेदन दिनु पर्नेछ :-

(क) संस्थाको नाम र ठेगाना,

(ख) संचालन गरिने खेलकुद,

(ग) कार्यकारिणी समितिका सदस्यको नाम, ठेगाना,

(घ) विधानको प्रमाणित प्रतिलिपि,

(ङ) वार्षिक कार्ययोजना र आयश्रोत,

**१५. नाम दर्ता सुचिकरण गर्न सक्नेः** (१) दफा १४ बमोजिम नाम दर्ता सुचिकरण गराउनको लागि दरखास्त परेमा समितिले तिस दिन भित्र आवश्यक जाँचवुझ गरी त्यस्तो संस्थाको नाम दर्ता सुचिकरण गर्न सक्नेछ ।

(२) समिति उपदफा (१) बमोजिम नाम दर्ता भएमा दर्ता गरिएको सुचना र नाम दर्ता गर्न नसकिने भएमा सोको सुचना सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

**१६. विधान संशोधनको सूचनाः** (१) यो ऐन बमोजिम समितिमा नाम दर्ता सुचिकरण भएको खेलकुल सम्बन्धि संस्थाले दफा १४ बमोजिम नाम दर्ताको लागि दिएको निवेदनमा उल्लेख भएको व्यहोरा वा निवेदन साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नु पर्ने कारण सहितको तीन महले तयार गरि सूचना तिस दिन भित्र समितिलाई दिनु पर्नेछ,

(२) उपदफा (१) बमोजिम हेरफेरको सुचना प्राप्त भएपछि हेरफेर गर्नु पर्ने कारण उचित देखेमा समितिले हेरफेरको व्यहोरा अध्यावधिक गर्नु पर्नेछ ।

**१७. हिसाबको श्रेस्ता राख्नु पर्नेः** (१) खेलकुद सम्बन्धि संस्थाले राखेको श्रेस्ताको आम्दानी खर्चको हिसाबको श्रेस्ता तोकिएको ढाँचा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खेलकुद सम्बन्धि संस्थाले राखेको श्रेस्ताको जाँचबुझ महानगरले जहिले सुकै गर्न गराउन सक्नेछ ।

**१८. निर्देशन दिनेः** (१) समितिले मातहतका खेलकुद सम्बन्धि संस्थालाई खेलकुदको विकासको सम्वन्धमा समय समयमा आवश्यक निर्देशन दिने सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धित खेलकुद सम्वन्धि संस्थाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम समितिले दिएको निर्देशनको पालना नगर्ने खेलकुद सम्वन्धि संस्था वा दफा १७ बमोजिम समितिले तोकिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने खेलकुद सम्वन्धि संस्थाको नाम समितिले आफ्नो सुचिकरण वाट कट्टा गर्न सक्नेछ ।

(३) उपदफा (२) समितिले आफ्नो सुचिकरण वाट कुनै खेलकुद सम्वन्धि संस्थाको नाम कटटा गरेमा त्यसको सुचना सम्वन्धित खेलकुद सम्वन्धि संस्थालाई दिनु पर्नेछ ।

**१९. स्विकृति लिनु पर्नेः** खेलकुद सम्वन्धि संस्थाले राष्ट्रिय अन्तराष्ट्रिय खेलकुद प्रतियोगता वा सुचिकरण अन्तराष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा महानगरमा हुने खेलकुद प्रतियोगता राष्ट्रिय अन्तराष्ट्रियस्तरको सभा वा सम्मेलनमा अन्य देशको खेलाडी वा अधिकारीलाई आमन्त्रण गर्न प्रचलित कानून बमोजिम स्विकृत लिनु पर्नेछ ।

**२०. समितिको कोषः** (१) समितिको आफ्नो एउटा छुटटै कोष हुनेछ र सो कोषमा देहायको रकम रहनेछ :-

(क) नेपाल सरकार र प्रदेश सरकार, म.न.पा. वाट प्राप्त रकम,

(ख) खेलकुद पुर्वाधार उपयोग गर्न दिए बापतको शुल्क,

(ग) खेलकुद सम्वन्धि प्रशिक्षण प्रदान गरे बापतको शुल्क,

(घ) खेलकुद प्रदर्शन गरि आर्जन भएको रकम,

(ङ) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरुप प्रदान गरेको रकम,

(च) नेपाल सरकारको अनुमतिमा राष्ट्रिय, अन्तराष्ट्रिय संघ, संस्था, विदेशी सरकार वा एजेन्सीबाट प्राप्त रकम,

(छ) अन्य कुनै स्रौतबाट प्राप्त रकम ।

(२) समितिको नामबाट गरिने सबै खर्च कोष बाट व्यहोरिने छ ।

(३) समितिको कोषवाट रहने रकम बैंकमा खाता खोली जम्मा गर्नेछ ।

(४) समितिको खाता संचालन तोकिए बमोजिम हुनेछ ।

**२१. सम्झौता गर्दा महानगरपालिकाबाट स्वीकृत लिनु पर्ने:** महानगरपालिकाले आफनो कार्य सञ्चालनको सिलशिलामा विदेशी सरकार वा अन्तराष्ट्रिय साझेदार वा विदेशी संस्था वा व्यक्तिसँग सम्झौता गर्दा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

**२२. लेखा र लेखापरीक्षण:** (१) समितिको आय व्ययको लखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) समितिको आन्तरिक लेखा परीक्षण पोखर महानगरपालिकाको आन्तरिक लेखापरीक्षण शाखाले गर्नेछ ।

(३) समितिको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

(४) महानगरपालिकाले समितिको आय व्ययको लेखा, तत् तत् सम्बन्धी कागजात, नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

**२३. सदस्यको भत्ता:** (१) सदस्यले महानगरपालिको बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछ ।

(२) सदस्यले समितिको काम विशषले भ्रमण गर्नु परेमा नियमानुसार भ्रमण तथा दैनिक भत्ता पाउनेछ ।

**२४. सदस्य सचिवको पारिश्रमिक र सेवा सुविधा:** सदस्य सचिवको पारिश्रमिक सेवा शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

**२५. समितिमा रहने कर्मचारी:** (१) स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम महानगरपालिकाबाट स्वीकृत संगठन संरचना र दरबनदी बमोजिमको कर्मचारी रहनेछन् ।

(२) महानगरपालिकाले आवश्यकता अनुसार विज्ञ, प्रशिक्षक लगायतका अन्य

व्यक्तिलाई सेवा करार गरी काममा लगाउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमका कर्मचारी आवश्यकता अनुसार महानगरपालिकाले उपलब्ध गराउनेछ ।

**२६. अधिकार प्रत्यायोजनः** महानगरपालिकाले यो ऐन वा यस ऐन अर्न्तगत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार अध्यक्ष, सदस्य, दफा ११ को खण्ड (प) बमोजिमको समिति वा कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२७. महानगरपालिकाले निर्देशन दिन सक्नेः** (१) महानगरले खेलकुद विकास गर्नको लागि समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम महानगरपालिकाले दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**२८. खेलाडीको व्यवसायिक सुरक्षाः** तोकिए बमोजिमको वर्गीकरणको आधारमा खेलाडीको पारिश्रमिक, भत्ता वा अन्य सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

**२९. सजाय र कारबाहीः** (१) समितिले देहाय बमोजिमको कसुरमा देहाय बमोजिम सजाय गर्नेछः-

(क) समितिले दिएको निर्देशन पालना नगर्ने खेलकुद विकास समिति वा खेलकुद सम्बन्धी सस्थालाई पहिलो पटक चेतावनी सहित पाँच हजार रुपैयाँ जरिबाना र सोही कसुर दोहोऱ्याएमा समिति वा सस्था खारेजी ।

(ख) कुनै खेलाडी वा खेलाडीको समूह वा प्रशिक्षक वा व्यवस्थापक वा रेफ्रीले खेलको प्रतिस्पर्धाबाट आउने स्वभाविक परिणमलाई प्रतिकुल हुने गरी मिलोमतोमा वा प्रलोभनमा परी खेल खेले वा खेलाएमा,
वडास्तरको खेलकुद प्रतियोगिताको हकमा- पाँच हजार रुपौयाँ जरिवाना र एक वर्ष सम्म सोहीस्तरको खेलबाट प्रतिबन्ध । महानगरस्तरको खेलकुद प्रतियोगिताको हकमा- दश हजार रुपौयाँ जरिवाना र एक वर्ष सम्म सोहीस्तरको खेलबाट प्रतिबन्ध ।

(२) उपदफा (१) बमोजिक समितिले गरेको सजाय उपर चित्त नबुझेमा पैतीस दिन भित्र महानगरपालिका न्यायिक समिति समक्ष उजुर गर्न सकिनेछ ।

**३०. प्रशिक्षण प्रतिष्ठान सम्बन्धी व्यवस्था:** (१) महानगरले खलकुदको विकासका लागि महानगर खेलकुद विकास प्रशिक्षण प्रतिष्ठान स्थापना गर्न सक्नेछ।

(२) खेलकुद विकास प्रशिक्षण प्रतिष्ठान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३१. नियम बनाउने अधिकार:** यस ऐन कार्यान्वयन गर्न महानगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

**३२. नागरिकको कर्तव्य:** खेल खेल्नु र खेलाउनु सबै नागरिकको कर्तव्य हुनेछ।

**३३. यस ऐन बमोजिम हुने:** यस ऐनमा लेखिएका कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

प्रमाणिकरण मिति : २०७५/११/१० गते
प्रकाशित मिति : २०७५/१२/१३ गते

आज्ञाले
शेषनारायण पौडेल
प्रमुख प्रशासकिय अधिकृत